# वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५ दोस्रो संशोधन

नगरसभाबाट पारित मिति: २०८०।११।२९

वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले वनगाड कुपिण्डे नगरपालिकाको नगरसभाले देहाय बमोजिमको ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन (दोश्रो संशोधन) २०८०" रहने छ ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. मुल ऐनको दफा १६ (१) मा** संशोधन : मुल ऐनको दफा १६ (१) लाई संशोधन गरी निम्नानुसार बनाइएको छ ।

नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहने छ ।

क) नगर प्रमुख - अध्यक्ष

ख) *नगर उप प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) नगरकार्यपालिकाले तोकेको शिक्षा हेर्ने बिषयगत समितिका संयोजक - सदस्य

ङ) नगरकार्यपालिकाले सभा सदस्य मध्येबाट तोकेका एक जना दलित महिला सहित २ जना - सदस्य

च) समाजसेवी तथा शिक्षाप्रेमीहरु मध्ये नगर शिक्षा समितिले मनोनित गरेका १ जना - सदस्य

छ) सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट नगरप्रमुखले मनोनित गरेका १ जना- सदस्य

ज) *आधारभूत तथा माध्यामिक विद्यालयका प्रधानाध्यापक मध्यबाट नगर प्रमुखले मनोतित गरेका १ जना महिला सहित २ जना - सदस्य

झ) अपाङ्ग शिक्षक मध्यबाट शिक्षा समिति अध्यक्षले तोकेको १ जना — सदस्य

ञ) *शिक्षक महासंघ प्रतिनिधि १ जना — सदस्य

ट) *संस्थागत विद्यालयका प्रधानाध्यापक मध्यबाट नगर प्रमुखले मनोतित गरेका १ जना — सदस्य

ठ) *नगर खेलकुद विकास समितिको अध्यक्ष - सदस्य

ड) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य सचिव

* दोश्रो संशोधनबाट थप गरिएको ।

[signature and stamp] ... नगर प्रमुख